आज मिति २०७३ साल आश्विन १० गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैंठक प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे, र.न.पा. कार्यालय | द |

**अन्य उपस्थिति :**

| | | |
|---|---|---|
| १. | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय | द |
| २. | योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय | द |
| ३. | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय | द |
| ४ | आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय | द |
| ५ | खरिद तथा जिन्सी व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय | द |
| ६ | राजश्व प्रशासन प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय | द |
| ७. | सूचना शाखा प्रमुख श्री लिलानाथ अर्याल, र.न.पा कार्यालय | द |
| ८. | ने.न.क.ए. इकाई समिति रत्ननगरका प्रतिनिधी उपाध्यक्ष श्री शंकर गिरी | द |

**निर्णय :**

**निर्णय नं.१:** यस न. पा. को कर्मचारीहरुको क्षमता विकास तथा पार्श्व चित्र (City Profile) अपडेट गर्नका लागि प्रस्ताव पेश गर्ने निम्न परामर्शदातृ संस्थाहरुमध्ये कम आर्थिक प्रस्ताव पेश गर्ने संस्थाहरुलाई निम्नानुसार स्वीकृत गर्ने निर्णय गरियो ।

क. अनुशिक्षण तालिम (क्षमता विकास) का लागि:

| | | |
|---|---|---|
| **१** | **योदेन मिडिया,** | **रु. २,९९,४५०।-** |
| २ | प्रोग्रेसिभ ईनिसियटिभ प्रा. लि., गोकर्णेश्वर, काठमाण्डौं | रु. ३,०५,१००।- |
| ३ | आर.डि. ईन्जिनियरिङ्ग कन्सल्टेन्सी, कामनपा ४ | रु. ३,१०,७५०।- |

ख. पार्श्वचित्र तयार गर्नका लागि

| | | |
|---|---|---|
| १ | योदेन मिडिया, | रु. ३,१६,४००।- |
| २ | प्रोग्रेसिभ ईनिसियटिभ प्रा. लि., गोकर्णेश्वर, काठमाण्डौं | रु. ३,१०,७५०।- |
| **३** | **आर.डि. ईन्जिनियरिङ्ग कन्सल्टेन्सी, कामनपा ४** | **रु. २,९९,४५०।-** |

माथि उल्लेखित संस्थाहरु मध्ये सवैभन्दा कम आर्थिक प्रस्ताव पेश गर्ने अनुशिक्षण तालिम (क्षमता विकास) का लागि योदेन मिडियालाई रु. २,००,०००।- (दुई लाख मात्र) मा र पार्श्वचित्र तयार गर्नका लागि आर डि. कन्सल्टेन्सी ईन्जिनियरिङ्ग कन्सल्टेन्सीलाई रु. २,५०,०००।- (दुई लाख पचास हजार मात्र) मा कार्यक्रम संचालन गर्न स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** यस न. पा. मा अधिकृत छैटौं तह, ईन्जिनियर पदमा कार्यरत श्री राजु अर्यालले व्यक्तिगत कारणबाट आफ्नो पदीय जिम्मेवारीवहन गर्न असमर्थ रहेकोले सो पदबाट राजिनामा पेश गरेकाले मिति २०७३।०६।१६ देखि लागु हुने गरी निजको राजिनामा स्वीकृत गर्ने निर्णय गरियो ।